स्थानीय सरकार

# शिवनाथ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) - २०८२/०८३

सूचना नं.(Information No.) ३५

## ।।आन्तरिक आय तर्फको ठेक्का आह्वान सम्बन्धी सूचना।।

चौथो पटक प्रकाशित मितिः-२०८२/०९/११ गते।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ३ को दफा (११) (घ) छ बमोजिम भएको व्यवस्था तथा शिवनाथ गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन बमोजिम यस गाउँपालिकाको वार्ड नं.१ र २ स्थित महाकाली नदी आसपास क्षेत्रमा आ.व.२०८२/०८३ मा आन्तरिक आयका लागि नदी क्षेत्रबाट नदिजन्य पदार्थ बालुवा संकलनका लागि बोलपत्र आह्वान गर्नु पर्ने हुँदा उल्लेखित ठेक्काको तेस्रो पटकका लागि ७ दिने सूचना प्रकाशित गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा संस्थालाई न्युनतम अंकमा कबोल रकम नघट्ने गरी यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्नका लागि यो सूचना आह्वान गरिन्छ।

### आन्तरिक आय ठेक्का विवरण

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | कुल न्युनतम कबोल अंक रु. भ्याट बाहेक | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | 02/SRM/INTERNAL/ 2082/083 | वार्ड नं. ०२, महाकाली नदी स्थित खैरेनी (लिसखन्न) घाट क्षेत्र बाट बालुवा संकलन गर्ने कार्य | रु.१,७९,५००।- | १,०००।- | |

### ठेक्का सम्बन्धी शर्तहरुः-

१. माथि उल्लेखित आय ठेक्काको फाराम भर्दा कुल कबोल रकम अंक र अक्षर दुबैमा खुलाउनु पर्नेछ।कबोल रकम स्पष्ट उल्लेख नगरेमा स्वतः रद्द हुनेछ र सबैभन्दा बढी कबोल अंक उल्लेख गर्ने बोलपत्रदाता हरुको बोलपत्र स्वीकृत गरिनेछ।

२. ठेक्का अवधि सम्झौता भएको मिति बाट २०८३ साल आषाढ मसान्त सम्म हुनेछ । सम्झौता पश्चात बोलपत्रदाताले कुनै पनि कारणले ठेक्का सम्झौता अन्त्य गर्न पाउने छैन।

३. माथि उल्लेखित ठेक्काको कबोल गरेको अंकको ५ प्रतिशतले हुनआउने धरौटी (पछि फिर्ता हुने गरी) रकम नेपाल एस बि आई बैंक, सुल्लेखानमा रहेको च.हि.नं.४१८२५२४०६००००३ धरौटी खातामा

२०८२/९/११



प्रमुख प्रशासकीय अधिकृत

जम्मा गर्ने वा सो रकम बराबरको ४५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी बैंक जमानत पत्र (बिड बण्ड) एवंम् बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखा वा च.हि.नं. ४१८९५२४१२०७००४ राजश्व खातामा जम्मा गरेको भौचर सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि सहित पेश गर्नु पर्नेछ।

४. बोलपत्र खरिद गर्ने अन्तिम म्याद प्रकाशित भएको मितिले ७ औ दिन सम्म हुनेछ। ८ औ दिनको १२:०० बजेसम्म पेश गर्न सकिनेछ र सोहि दिनको १३:०० बजे बोलपत्र खोलिनेछ। बोलपत्र खोल्ने दिनमा यदि सार्वजनिक बिदा पर्न गएमा लगत्तैको अर्को कार्यदिनको माथि उल्लेखित समयमा बोलपत्र खोलिनेछ।

५. अस्थायि ठेक्का चलनपुर्जी दिईने छैन। सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन। समयमा सम्झौता नगरी ठेक्का चलनपुर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन।

६. नदीबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी यस कार्यालयमा बुझाउनु पर्नेछ।

७. पट्टा व्यावसायिले यस बोलपत्रमा भएका सम्पुर्ण शर्तहरुको पुर्णरुपमा पालना गर्नुपर्नेछ र सोको अनुगमन यस कार्यालय तथा अन्तर्गतका नियामक निकायहरुबाट गरिनेछ। अनुगमनका क्रममा कुनै कैफियत भेटिएमा कार्यालयले जुनसुकै बखत ठेक्का सम्झौता अन्त्य गरी आवश्यक कारवाही गर्नेछ।

८. स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनले औंल्याएका वातावरणिय प्रभाव न्युनिकरणका उपायहरुको पुर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रिवितरण गर्नुपर्नेछ।

९. ठेक्का पट्टा प्राप्त गरे पश्चात पट्टा सम्बन्धि सम्पुर्ण जानकारी देखिने गरी सञ्चालन हुने स्थानमा विवरणहरु राखु पर्नेछ।

१०.उत्खनन गर्दा नदिजन्य पदार्थ कार्यबाहेक अन्य कार्यहरु प्रचलित कानुनले प्रतिबन्ध गरेका कुनैपनि नदिजन्य क्रियाकलापहरु गर्नपाउने छैन।

११. विगतका आर्थिक वर्षहरुमा कुनै व्यक्ति वा व्यक्तिको परिवारको सदस्यका नाममा ठेक्का सम्झौता गरी सम्झौता अनुसार कार्य सम्पन्न नगरेका, सम्झौता भंग गरेका, कुनै किसिमको सरकारी बाँकी अथवा पेश्की/भुक्तानी बाँकी रहेका र नियमानुसारको राजश्व र बेरुजु दाखिला नगरेका व्यक्ती, फर्म वा सँस्थाले पेश गरेको ठेक्का दरभाउ माथी कुनै कारबाही हुने छैन।

२०८२।५।११

# स्थानीय सरकार
# शिवनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) - २०८२/०८३
सूचना नं.(Information No.) ९५

१२.शर्त बमोजिम पेश नभएका, रित नपपुगेका र म्याद नाघि आएका बोलपत्रमाथि कुनै कारवाहि हुनेछैन र कुनै किसिमले बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालय सँग निहित रहनेछ।ठेक्का सम्बन्धि कुनै विवाद आएमा त्यसको निरुपण गर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा रहनेछ।थप जानकारी र बोलपत्र खरिदका लागि यस कार्यालय वा मोबाईल नं.९८५८७८२९६४ मा सम्पर्क गर्न सकिनेछ।

१३.ठेक्का स्वीकृति पश्चात पेश गर्नु पर्ने कबोल रकम सम्झौता अगावै नगदै वा यस कार्यालयको हि.नं. ४१८९५२४१२०७००४ आन्तरिक राजश्व खाता जम्मा गरेको भौचर सहित पेश गर्नु पर्नेछ।साथै कबोल अंकमा १३ प्रतिशतका दरले छुट्टै मु.अ.क.(VAT) जोडी छुट्टाछुट्टै दाखिला गर्नु पर्नेछ।यदि कबोल अंक रकम एकमुष्ट रुपमा बुझाएमा कबोल रकममा १० प्रतिशत सम्म छुट प्रदान गर्न सकिनेछ।तर यसरी छुट प्राप्त गर्ने भए सम्झौता पुर्वनै रकम जम्मा गरेको हुनुपर्नेछ।

१४.नदिजन्य पदार्थ संकलन गर्दा आवश्यक पर्ने संशाधनहरुको व्यवस्था सम्बन्धित सञ्चालकले नै गर्नुपर्नेछ र पहुँच मार्ग निर्माण तथा मर्मत यस कार्यालय बाट गरिनेछ।

१५.यस ठेक्का सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछन।

१६. व्यावसायिले बालुवा संकलन गर्दा हाल लाई रोयल्टी वाफत प्रति ट्याक्टर रु.१०००।- का दरले मात्र रोयल्टी उठाउन पाउनेछ।अन्य सवारी साधनका हकमा कार्यालयको निर्णय बमोजिम निर्धारण गर्न सकिनेछ।

२०८२।३।११

प्रमुख प्रशासकीय अधिकृत